थाहानगरलाई उत्कृष्ट बनाए, दोहोरिन चाहेनन् । पृष्ठ ५ मा

प्रेस काउन्सिलबाट 'क' वर्गको मान्यता प्राप्त

# विकास

www.bikaskhabar.com

खबरपत्रिका साप्ताहिक

कार्यालय:
थाहा नगरपालिका-८
मकवानपुर
सम्पर्क नं.
९८०७१५३३००
इमेल:
bikaskhabar@gmail.com

● मकवानपुर, वर्ष-१४, ● अंक-४२ ● २०७९ वैशाख १९ गते सोमबार, ● 02 May 2022, ● नेपाल सम्वत्-११४२, ● पृष्ठ-६, ● मूल्य रु. १०/-



# थाहानगर: कृषि यान्त्रिकरणमा 'अब्बल'

विकास संवाददाता
थाहानगर

मकवानपुरको थाहा नगरपालिका जिल्लाकै कृषि उत्पादनको हब मानिन्छ । कृषिमा यान्त्रिकरणको विस्तार नहुँदापनि थाहा नगरपालिका जिल्लाकै अब्बल थियो । गोरूबाट ठूलो फँट जोत्नु पर्ने बाध्यता किसानलाई थियो । पहिला अहिलेको जस्तो थरीथरीका ट्याक्टर थिएनन् । भएपनि किन्न सक्ने अवस्था किसानसँग हुँदैन्थ्यो । तर, मुलुकमा संघीयता पश्चात बनेको थाहा नगरपालिकाले भने कृषि यान्त्रिकरणमा जोड दियो । थाहा नगर प्रमुख लवशेर विष्टले कृषि पेशा परम्परागत तरिकाबाटै गोरू लगाएर दीगो नहुने भन्दै कृषि यान्त्रिकरणमा जोड दिएका हुन् ।

नगरपालिकाले सुरूवाती वर्षदेखि नै सहकारी, समूह र कृषि फर्ममार्फत कृषि यान्त्रिकरण वितरण गर्दै गोरू विस्थापन गर्ने योजना बनाएको थियो । योजनाअनुसार पाँच वर्षभित्र थाहा नगरको फाँटमा गोरू देखिन छोडेको थाहा नगर प्रमुख विष्ट बताउँछन् । हिजो कृषिका लागि गोरू पाल्ने, गोरू जोत्ने परम्परा थियो भने अहिले गोरू विस्थापन गर्दै हाते ट्याक्टरले सहज रूपमा खेती लगाउन सक्ने वातावरण बनाइएको छ । दामन, पालुङ क्षेत्रमा त सबै ठाउँमा ट्याक्टरले नै जोतेर खेती हुने गरेको विष्टले बताए ।

सुर्का बारी भएका ठाउँहरूमा पनि हाते ट्याक्टरको प्रयोग गर्न नगरपालिकाले किसानलाई विभिन्न अनुदानहरू दिइएको छ । विषादी छर्ने मेसिन, हाते औजारहरू नगरपालिकाले अनुदानमा वितरण गर्दै आएको छ । पशुपालन र कृषिको क्षेत्रमा पनि धेरै काम गरेको नगर प्रमुख विष्टको भनाइ छ । थाहा नगरपालिका विशेष गरी कृषिको उर्वर भूमि मानिन्छ । यहाँ आलु उत्पादन अत्यन्तै राम्रो हुन्छ । पशुपालनको क्षेत्रको विकासका लागि पनि भैंसी पकेट क्षेत्र, गाई पकेट क्षेत्र घोषणा गरी पशुपालन प्रवर्द्धन गरिएको छ ।

नगरको वडा नम्बर १२ को जगडाँडामा गत वर्ष २५ प्रतिशत अनुदान र ५० प्रतिशत सहुलियत ऋणमा २० वटा भैंसी वितरण गरिएको थियो । अहिले त्यहाँका किसानहरू भैंसी पालेर आम्दानी लिन थालेका छन् । त्यहाँ चिस्यान केन्द्र पनि स्थापनाको तयारी छ । बजारसम्म दूध ल्याउनका लागि अटोको समेत व्यवस्था नगरपालिकाले गरिदिएको छ । दूध बिक्री नभएमा घरमै मिठाई बनाउनका लागि मिठाईको तालिम दिने योजना पनि नगरपालिकाले बनाएको छ ।



थाहानगरमा ट्याक्टरको सहायताले खेतबारी जोत्दै । **फोटो: गणेश विष्ट**

कृषि उपज उत्पादनबाट यस क्षेत्रका बासिन्दाको जीवनस्तर उकासिएको छ । यहाँको काउली, आलु, मुला, खुर्सानी प्रख्यात छ । कृषि बाटै समृद्धि खोज्ने अभियान बनाएको थाहा नगरले पाँच वर्ष कृषि क्षेत्रलाई प्राथमिकता दिएर काम गरेको देखिन्छ । थाहा नगरपालिकामा हुने कृषि उत्पादन मकवानपुरमा मात्रै नभएर काठमाडौं लगायतका धेरै ठाउँमा समेत पुग्ने गरेको छ । काठमाडौंमा पुग्ने काउली र आलू लगायतको अधिकांश तरकारी थाहा नगरपालिकाकै उत्पादन हुने गर्दछ । तरकारीमा काठमाडौंको लाइफलाइन थाहा नै हो ।

चिसो र उर्वरभुमि रहेको सो क्षेत्रमा पछिल्लो पाँच वर्ष यता कृषि उत्पादनले थप प्राथमिकता पाएको छ । स्थानीय निकायबाट स्थानीय तह हुँदै बनेको थाहा नगरपालिकामा जनप्रतिनीधिहरू आएपछि कृषि उत्पादनले प्राथमिकता पाएको हो । नगरपाकिलाले जिल्लाको पुर्वी क्षेत्रलाई कृषि उत्पादनलाई बढाएको मात्रै छैन कृषिमा व्यावसायिकरण गर्दै किसानहरूलाई आत्मनिर्भर समेत बनाएको छ । थाहा नगरपालिकाले सो क्षेत्रका बासिन्दालाई कृषिमा आकर्षित गर्दै उत्पादन बढाउन पाँच वर्षमा विभिन्न प्रकारका कृषि कार्यक्रम गरेको छ ।

थाहा नगरपालिकाको कृषि शाखा प्रमुख सञ्जय तिवारीको अनुसार पछिल्लो पाँच वर्षमा नगरपालिकाले किसानहरूलाई प्रशस्त अनुदान वितरण गरेको छ । काउली र आलू लगायतको तरकारी उत्पादनमा प्रख्यात रहेको उक्त क्षेत्रमा काउलीको उत्पादन बढाउन थाहा नगरपालिकाले बायोटिन कृषि चुन वितरण गर्दै आएको छ । बायोटिन कृषि चुनले अम्लिए माटोलाई सुधार्ने काम गर्नुको साथै काउलीको जरामा गाँठा लाग्नबाट जोगाउने गर्छ ।

त्यसैले नगरपालिकाले काउलीको उत्पादनलाई बढाउन विगत पाँच वर्षदेखी बायोटिन कृषि चुन वितरण गर्दै आएको कृषि शाखा प्रमुख तिवारीको भनाई छ । उनले सुरूवातमा नगरपालिकाले वर्षेनी एक सय किलो वितरण गर्दै आएको उक्त चुन अहिले वर्षेनी २३ सय किलोसम्म वितरण गर्ने गरेको छ । पाँच वर्षमा अत्याधिक माग बढेको उक्त चुन नगरपालिकाले ७५ प्रतिशत अनुदानमा किसानहरूलाई वितरण गर्दै आएको छ । चुनको प्रयोग बढाएसँगै थाहा नगरपालिकाको माटोको उर्वर क्षमता बढेर काउलीको उत्पादन पनि बढेको उनले जानकारी दिए । उनको अनुसार नगरपालिकाले कृषकलाई गतवर्षदेखी व्यावसायिकरणतर्फ उन्मुख गरेको छ । उत्तरी मकवानपुरका किसानहरूलाई व्यावसायिक बनाउन नगरपालिकाले टनेल समेत निर्माण गरिदिएको छ । तिवारीले ५१ जनालाई ५०० वर्गमिटरको बाँसको टनेल बनाएर ५० प्रतिशत अनुदानमा वितरण गरेको बताए ।

त्यस्तैगरि चालू आर्थिक वर्षमा पनि नगरपालिकाले ५० जनालाई ५०० वर्गमिटरको र ३० जनालाई एक हजार वर्गमिटरको टनेल निर्माण गरेर वितरण गरेको छ । मन्डि कृषि आधुनिकिकरण परियोजना अन्तर्गत १२/१२ लाख रूपैयाँमा तीनवटा आलूको पकेट क्षेत्र समेत बनाएको तिवारीले जानकारी दिए । पकेट क्षेत्रमा बीउ,मिनिलिटर,विषादीको सामाग्रीको साथै विषादी छर्ने उपकरण पनि वितरण गरेको छ । नगरपालिकाले पिविएस आलू बीउ उत्पादन कार्यक्रमअन्तर्गत १० हजार दाना आलू वितरण गरेको छ ।

नगरपालिकाले वितरण गरेको १० हजार आलूको दानाबाट ४ क्विन्टल ६ किलो आलू उत्पादन भएको कृषि शाखा प्रमुख तिवारीले बताए । उनले चालू आर्थिक वर्षमा पनि ३ हेक्टर क्षेत्रफलमा आलू उत्पादन कार्यक्रमको लागि नगर पालिकाले दुई लाख रूपैयाँ खर्चिएको बताए ।

थाहा नगरपालिकाको मेयर लवशेर विष्टले पछिल्लो पाँच वर्षमा नगर पालिकालाई व्यावसायिक कृषिमा रूपान्तरण गर्न आफूहरूले धेरै काम गरेको बताए । उनले थाहा नगरमा तर कारी उत्पादनलाई बढाईसकेपछि त्यसको व्यवस्थापनको लागि आवश्यक पर्ने चिस्यान केन्द्र समेत नगरपालिकाले निर्माण गरेको बताए । 'हामिले थाहा नगरको तरकारी उत्पादनलाई बढायौ । तर उत्पादन बढेपछि यसको व्यवस्थापनको लागि चिस्यान केन्द्र पनि आवश्यक पर्ने भएपछि हामिले त्यो निर्माण

*बाँकी पेज ४ मा*

## थाहानगरमा कुन दल बलियो ?

◆ विकास संवाददाता

मकवानपुर थाहा नगरपालिकामा कुन राजनीतिक दल कति बलियो भन्ने सर्वत्र चर्चा शुरू भएको छ । निर्वाचन आयोगको कार्यतालिका अनुसार ११ र १२ वैशाखमा राजनीतिक दलहरूले मनोनयन दर्ता गरेसंगै यो विषयले चर्चा पाएको हो ।

वि.सं. २०७४ सालमा सम्बन्धित पार्टीका वडा अध्यक्षहरूले पाएको मतलाई आधार मान्ने हो भने थाहानगरमा नेकपा एमाले पहिलो पार्टीको रूपमा स्थापित भएको देखिन्छ । नेकपा एमालेले

### ०७४ को मत समिक्षा

थाहानगरका १२ वटै वडा अध्यक्षहरूले कुल ६ हजार ७६३ मत पाएका थिए । दोस्रो नेकपा माओवादी केन्द्रले ६ हजार ६८३ मत पाएको थियो भने नेपाली काँग्रेसले ३ हजार ९ सय ४८ मत पाएको छ ।

तत्कालिन माओवादी केन्द्र र नेपाली काँग्रेसबीच चुनावी गठबन्धन भएको थाहामा ०७४ सालमा नेकपा माओवादी केन्द्रबाट ९ हजार ९१ मतसहित नगर प्रमुख र नेपाली काँग्रेसबाट ७ हजार ३०७ मतसहित उपप्रमुख विजयी भएका थिए । यस स्थानीय तह निर्वाचनमा पनि ति दुई दलबीच चुनावी तालमेल भएको छ ।

### झिनो मतान्तरमा थिए उपप्रमुख

वि.सं. २०७४ सालको निर्वाचनमा पनि नेपाली काँग्रेसकै उपमेयरको उमेद्वार विजयी भएका थिए । काँग्रेस उमेद्वारले ७ हजार ३०५, एमाले उमेद्वारले ६ हजार ७४५, राप्रपाकी उमेद्वार राममाया लामा (छुमी)ले ८९७, राजमोकी शोभा गोपालीले २३९ र संघीय समाजवादी फोरम नेपालका उमेद्वार तारालाल श्रेष्ठले १३७ मत पाएका थिए ।

अघिल्लो निर्वाचनमा भन्दा यस निर्वाचनमा आकर्षण घटेको छ । उमेद्वार संख्या ५ बाट ३ जनामा सीमित भएको छ ।

यस पटक थाहानगरमा नेकपा एमालेको तर्फबाट कल्पना बलामी, सत्ता गठबन्धनको तर्फबाट नेपाली काँग्रेसका भरत गोपाली र राप्रपाको तर्फबाट नविन रायमाझीले उमेद्वारी दर्ता गराएका छन् ।



प्रेस काउन्सिलबाट 'क' वर्गको मान्यता प्राप्त
जि.प्र.का. मकवानपुर दर्ता नं. ५९/२०६५/०६६ म.जि.हु.दर्ता नं. २३/२०६६/०६७

# कस्ता उम्मेदवार छान्ने र जिताउने?



रवि सेन्चुरी

स्थानीय तहको निवार्चन हुने नहुने अन्यौलताका बिच यहि वैशाख ३० गते देशभरि एकै पटक स्थानीय तहको निर्वाचनको मिति घोषणा भएको छ। जतिजति निर्वाचन नजिकिँदै छ त्यतित्यति राजनैतिक दलहरूले आफ्नो उम्मेदवार छनौटका लागि आन्तरिक गतिविधिहरू तिब्र पारेका छन् । उम्मेदवारका आकांक्षीहरू स्थानीय स्तरदेखि केन्द्रिय स्तरसम्म भागदौड गरिरहेका छन् । दलहरूले कसलाई उम्मेदवार उठाउने भन्नेमा दोधारमा छन् भने जनतामा कसले टिकट पाउँछन् भन्ने विषयमा केहि पालिका, वडा बाहेकमा चासो र कौतूहल रहेको छ ।

सत्ता गठबन्धन, प्रतिपक्ष दललगायत स्वतन्त्र उम्मेदवारहरूले आ–आफ्नै नारा, तर्क, प्रतिबद्धताहरू जनतामाझ लिएर जाँदैछन् । यो बिच विभिन्न क्रियाकलापका माध्यमबाट मतदानलाई प्रभावित पार्ने काम भैरहेको छ । जसमा आर्थिकवाद, नातावाद र कृपावादले महत्वपूर्ण भूमिका खेल्न सक्छ। उम्मेदवारका आकांक्षीले नेतादेखि मतदातासम्म आर्थिक चलखेलका माध्यमबाट निर्वाचितलाई प्रभावित पार्न सक्छन् । जति आर्थिक चलखेल बढ्छ, त्यति नै पछि जनप्रतिनिधिहरू आर्थिक पूर्तितिर ध्यान केन्द्रित गर्छन् । कसरी हुन्छ, निर्वाचनमा भएको खर्च उठाउने कार्यमा केन्द्रित हुन्छ । अनि सुरू हुन्छ, कुशासन र जनभावना बिरोधि कार्य। तसर्थ यस्तो बिकृतिलाई रोक्न र स्थानीय तहको विकासका निम्ति राजनैतिक दलले उम्मेदवार छनौट गर्दा र मतदाताले आफ्नो मत दिँदा विशेष ध्यान दिन जरूरी छ ।

नेपालको संबिधान २०७२ को भाग ५ धारा ५६ मा राज्यको सरचना सम्बन्धमा उल्लेख गरिएको छ। उक्त धाराको उपधारा १ मा भनिएको छ– संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको मूल संरचना संघ, प्रदेश र स्थानीय तह गरि तीन तहको हुनेछ। यसैगरि सोहि धाराको उपधारा ४ मा 'स्थानीय तह' अन्तर्गत गाउँपालिका, नगरपालिका र जिल्ला सभा रहनेछन् भनेर उल्लेख गरेको छ ।

आगामी निर्वाचनमा नेपालभरिबाट ६ हानगरपालिका, ११ उपनगरपालिका, २७६ नगरपालिका र ४६० गाउँपालिकामा मेयर–अध्यक्ष र उपमेयर–उपाध्यक्ष सहित ६ हजार ७ सय ४३ वटा वडामा एक वडा अध्यक्ष, एक दलित महिला सदस्य, एक महिला सदस्य सहित खुल्ला महिला २ जना र जिल्ला सभा गरि ३७ हजार ७ सय १३ जना जनप्रतिनिधिहरू निर्वाचित हुँदैछन् ।

स्थानीय तह प्रत्यक्ष जनतासँग जोडिएको घर दैलोको सरकार हो। स्थानीय तहमा कस्ता जनप्रतिनिधिहरू आउँछन्, त्यसले उक्त स्थानीय तहको ५ वर्षको लागि भविष्य निधारण गर्छ। तसर्थ स्थानीय तहमा उम्मेदवार छनौट गर्दा सुरूमा र ाजनैतिक दलहरूले र दलले उम्मेदवार घोषण गरे पश्च्यात मतदान गर्दा मतदाताहरूले विशेष ध्यान दिन जरूरी छ । दलहरूले छनौट गर्दा जित्ने र आर्थिक खर्च गर्ने सक्ने मात्र नभएर व्यक्तिगत आचारण, पार्टीमा उसको योगदान, पार्टीका कार्यकर्तासँगको सम्बन्ध, व्यक्तिगत क्षमता, योग्यता र जनतासँगको सम्बन्ध, सार्वजनिक पद धारण गरेपश्चात उसका गतिबिधिहरूलाई विशेष ध्यान दिन जरूरी छ । त्यस्तै आममतदाताले पनि आफूले मत दिँदा क्षणिक चहलपहल, तामझाम र प्रलोभनमा नपरि उम्मेदवारका बिगतका पृष्ठभूमि, गतिबिधि, कतिको जनउत्तर दायी छ, समाजिक कार्यमा गरेको योगदान, क्षामता र योग्यता र सार्वजनिक पद धारण गरेपछिको उसका गतिबिधिहरू जस्ता विषयलाई विशेष ध्यान दिन जरूरी छ । तसर्थ मतदाताहरूले राजनैतिक दलको खोल झिकेर, हाम्रालाई भन्दा पनि राम्रालाई मतदान गर्न जरूरी छ ।

नेपालको सविधान २०७२ को अनुसूचि ८ मा एकल २२ वटा अधिकार र अनुसूचि ९ मा संघ, प्रदेश र स्थानीय तहको साझा अधिकार प्रदान गरेको छ। स्थानीय तहले नीतिनियम, कार्यविधि, ऐनकानुन निर्माण र लागु गर्ने साथै वार्षिक योजना तथा बजेट तर्जुमा गर्ने अधिकार प्रदान गरेको छ ।

अपबादबाहेक वर्तमान समयका जनप्रतिनिधिहरू बारे जनस्तरबाट धेरै गुनासाहरू आएका छन् । जसले गर्दा नेपाली जनताको लामो संघर्ष, बलिदान र आहुतीले प्राप्त संघिय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थालाई नकारात्मक असर परेको छ। कतिपय पालिका, वडाहरूका जनप्रतिनिधिहरूले जनपक्षिय उदाहणीय कामहरू गरेका छन्, तर कतिपय जनप्रतिनिधिहरू व्यक्तिगत स्वार्थमा केन्द्रित र सीमित समूहको घेरामा सिमित हुँदा जनगुनासाहरू बढेका छन् । सामान्य जनता भन्दा पनि सिमित व्यक्तिका घेरामा घेरिएका छन् । तसर्थ संबिधानले तय गरेको उदेश्यलाई कार्यन्वयन, सुशासन कायम, जनप्रतिनिधिहरूलाई जवाफदेहिता र जनउत्तरदायी बनाउनका निम्ति दलहरू र मतदाता कुनै पनि कुराबाट प्रभावित हुनु हुँदैन। राजनीति राज्यको मेरूदण्ड भएकाले असल, सबल, सक्षम र जनउत्तरदायी जनप्रतिनिधि ल्याउन सके मात्र गाउँगाउँमा सिंहदरबार अर्थात संघिय शासनले प्रदान गरेको विकेन्द्रिकरण शासन व्यवस्थाको सहि प्रयोग हुन्छ। तसर्थ उम्मेदवार छनौट गर्दा राजनैतिक दलहरू जिम्मेवार हुनैपर्छ। जित्ने नाममा संविधान र जनताको भावनाविपरित जानु हुँदैन।

पछिल्लो समय स्थानीय जनप्रतिनिधिहरूले पार्टी प्रवेश गर्ने र फेरी पनि उम्मेदवार उठ्ने प्रवृति बढिर हेको छ । उनीहरूको आ–आफ्नै तर्क होला तर के पार्टी फेर्दैमा जनप्रतिनिधिहरूको विगतमा गरेका कामको समीक्षा हुन जरूरी पर्छ कि पर्दैन ? त्यस्तै उनीहरूले जननिर्वाचित भएपछि गरेका काम र त्यसले पारेका प्रभाव र परिणाम बारे बहस, छलफल हुन पर्छ कि पदैन? जनप्रतिनिधिहरूले सामाजिक, आर्थिक, भौतिक पूर्वाधार, बन तथा वातावरण र सुशासनका निम्ति कतिको काम गरे जस्ता विषयको समिक्षा हुन जरूरी छ । अन्यथा टिकट दिँदा अहिले दलहरू चुक्यौ भने गलत थिति बस्न जान्छ र कुनै पनि दलका जनप्रतिनिधिहरू निर्वाचन जित्ने, जनभावनाअनुरूप काम नगर्ने, जवाफदेही नहुने र सकभर उक्त पार्टी नत्र अन्य पार्टीबाट फेरी उम्मेदवार हुन सक्छन् । यस्ता कुराको अन्त्य हुन जरूरी छ। यदि जनभावनाको अनादरै गर्दै नेताहरूले आफ्ना पकेटका लाई उम्मेदवार बनाएर र उनीहरूले जितेमा अपबादबाहेक व्यक्तिगत स्वार्थ हाबि हुन गइ सुशासनको धज्जी उडाउँदै भ्रष्टाचार मौलाउने वातावरण सिर्जना हुन सक्छ ।

तसर्थ स्थानीय तहको निर्वाचनमा दलले र मतदाताले विशेष ध्यान दिन जरूरी छ । यदि हामी साँच्चै नै हाम्रो राष्ट्र र समाजको विकास गर्न खोजेको हो भने जनताले मन पराएका, जनतामाझ लोकप्रिय, विभिन्न काण्डमा नपरेका उम्मेदवार छनौट गर्न सक्नुपर्छ । हाम्रालाई भन्दा राम्रालाई अवसर दिनुपर्छ । यदि दलले विभिन्न प्रलोभनमा परी अराजनैतिक उम्मेदवार छनौट गरिहाले पनि जनताले सहि निर्णय गरेको खण्डमा जुनसुकै राजनैतिक दलका उम्मेदवार किन नहोस्, त्यस्ता उम्मेदवार हार्छन् वा हराइनुपर्छ ।

यि दुई विषय उम्मेदवार छनौट र मतदान प्रकृयामा ध्यान दिन सकेको खण्डमा मात्र पनि हामीले सहि नेतृत्व प्राप्त गर्न सक्छौं। हामीलाई उम्मेदवार छनौट गर्दा व्यक्तिगत भन्दा पनि जनताको हितको लागि केन्द्रित, सामूहिक निर्णयमा बढि जोड दिने र सस्तो लोकप्रियता भन्दा माथि उठि जनभावना केन्द्रित उम्मेदवारहरूलाई जोड दिन आवश्यक छ । त्यसका लागि मतदाताहरू राजनैतिक दल, समुदायिक भावनाभन्दा माथि हुन जरूरी छ । दलले छनौट र मतदाताले आफ्नो मत दिँदा उक्त पालिकालाई ध्यान दिन सकेमात्र पनि जनप्रतिनिधिहरूमा साना राजा भएको भावना उत्पन्न हुन पाउँदैन। पाँच वर्षपछि फेरि जनताको माझमा जानुपर्छ भनेर उनीहरू जनता, समाज र राज्यप्रति जिम्मेवार भएर काम गर्ने सम्भावना हुन्छ ।

> समाजिक कार्यमा गरेको योगदान, क्षामता र योग्यता र सार्वजनिक पद धारण गरेपछिको उसका गतिबिधिहरु जस्ता विषयलाई विशेष ध्यान दिन जरुरी छ । तसर्थ मतदाताहरुले राजनैतिक दलको खोल झिकेर, हाम्रालाई भन्दा पनि राम्रालाई मतदान गर्न जरुरी छ ।

## • सम्पादकीय •

### मतदाता शिक्षामा ध्यान देऊ

नेपालमा संघीयता कार्यानवयनपछि दोस्रो स्थानीय तहको निर्वाचनको मिति नजिकिँदैछ । संघीयता कार्यान्वयनमा आएसँगै अघिल्लो स्थानीय तहको निर्वाचनमा गाउँ–गाउँमा सिंहदरबारको नारा अत्यन्त लोकप्रिय बनेको थियो । यसपटक पनि निर्वाचनको मिति नजिकिँदै गर्दा गाउँ शहर सबैतिर चुनावी माहोलले छोप्दैछ । उम्मेदवारी दर्तासँगै चुनाव प्रचार शुरु भइसकेको छ । राजनीतिक दल, तिनका नेता कार्यकर्ता र उम्मेदवार सम्पूर्ण शक्ति परिचालन गरेर चुनावको तयारीमा जुटिरहेका छन् । अघिल्लो स्थानीय तहको निर्वाचनमा जस्तो यसपटक आम नागरिकमा निर्वाचनप्रति उति उत्साह भने छैन । बितेको पाँच वर्षमा स्थानीय तहको अभ्यास हेर्दा जनप्रतिनिधिले जनताको अपेक्षा अनुरुप नयाँपन दिन नसक्दा नागरिकहरुमा पर्याप्त उत्साह भर्न नसकेको पनि हुन सक्छ तर अब आउने जनप्रतिनिधिले स्थानीय तहलाई साँच्चिकै जनताको सरकारको रुपमा स्थापित गर्नुपर्छ । अहिले राजनीतिक दलहरु फरक–फरक गठबन्धन बनाएर कतै गठबन्धन र कतै एकल रुपमा चुनावी प्रतिस्पर्धामा छन् । खासमा एजेण्डाका आधार स्वस्थ चुनावी प्रतिस्पर्धा भए मात्र नागरिकले राम्रो उम्मेदवार छान्न सक्ने वातावरण बन्छ । त्यसैले सरोकारवाला सबैले निर्वाचनमा त्रास र दबाबको प्रभाव होइन, मतदाताले स्वफूर्तरुपमा मतदान गर्ने वातावरण बनाउनुपर्छ । उनीहरुले योग्य उम्मेदवार र उसका चुनावी एजेण्डामा विश्वास गर्ने वातावरण बनाउनु सबैको प्रथम दायित्व हो ।

सामान्यतया सम्बन्धित मतदान अधिकृतको दस्तखत नभएको, स्वस्तिक चिन्ह नलगाई औंठा या अन्य चिन्ह प्रयोग गरेको, मत संकेत गर्दा चिन्ह नबुझिने गरी लतपत पारेको, चिन्ह भएको कोठा बाहिर छाप लगाएको, निर्वाचित गर्नुपर्ने संख्याभन्दा बढी उम्मेदवारको चिन्हमा छाप लगाएको, मतपेटिकाभन्दा बाहिर राखिएको भए त्यस्ता मद बदर हुने गर्छन् । अहिलेको अर्को अप्ठेरो के पनि छ भने राजनीतिक दलहरु गठबन्धन बनाएर निर्वाचनमा गएका छन् । गठबन्धन एउटै बनाएर गएको भए पनि फरक फरक पार्टीका उम्मेदवार हुँदा निर्वाचन फरक–फरक चिन्ह खोजेर छाप लगाउनुपर्नेछ । यस्तोमा मतदाता अझ बढी अलमल पर्ने सम्भावना हुन्छ जसले बदर मत बढाउने जोखिम बढाउँछ । नेपालमा यसअघि भएका निर्वाचनहरुमा ठूलो संख्यामा मत बदर हुने गरेको छ । २०७४ सालको स्थानीय तहको निर्वाचनमा देशभरमा औसतमा १५ प्रतिशत मत बदर भएको थियो । मकवानपुरको थाहानगरमा २० प्रतिशत बदर भएको थियो । हरेक मतदाताले आफूले गरेको मतदान गोप्य होस्, मतपत्रमा छाप लगाउँदा अलमलमा नपरियोस् भन्ने चाहन्छ । मतदान गर्दै गर्दा कतिवटा चिह्नमा छाप लगाउनुपर्छ, मतपत्रलाई कसरी पट्याउनुपर्छ जस्ता कुरा सिकाएर मत सदर हुने वातावरण बनाउनु पर्छ । यस्ता प्राविधिक कुराहरुमा अलमलिँदा धेरै मत बदर हुने गरेका हुन् । मतपत्र छाप्दादेखि नै हुने गरेका त्रुटि नसच्चिँदा पनि मत बदर घट्न नसकेको हो ।

आवधिक निर्वाचनलाई लोकतन्त्रको सुन्दर पक्षका रुपमा हेर्ने गरिन्छ । निर्वाचनका माध्यमबाट नागरिकले आफ्ना प्रतिनिधि छान्ने अवसर पाउँछन् । ठीक उम्मेदवार छनोट गर्ने मामिलामा नागरिकको भूमिका महत्वपूर्ण हुने गर्छ । निर्वाचनका सन्दर्भमा नागरिकको अभिमत संकलन गर्ने यति महत्वपूर्ण कुरा मतदाता शिक्षाको अभावमा प्रभावित हुँदै आएको छ । हामीकहाँ मत बदर रोक्न गरिएका प्रयासहरु निकै कम छन् । यसका लागि चुनाव प्रचार प्रसारमा खटिएका राजनीतिक दलका नेता तथा कार्यकर्ता, स्वयंसेवक र हरेक सचेत नागरिकले पनि नागरिकलाई ठीकढंगले मतदान गरेर आफ्नो मत बदर हुनबाट बचाउन ध्यान दिनूपर्दछ ।


**थाहा नगरपालिकाको शिखरकोट काउण्टरबाट दिवा बस सेवा**

| | | |
|---|---|---|
| विहान | ६:१५ | बजे काठमाण्डौ (हाइस) |
| विहान | ६:१५ | बजे हेटौंडा (फोर्स) |
| विहान | ७:१५ | बजे काठमाण्डौ (बस) |
| विहान | ८:00 | बजे हेटौंडा (बस) |
| विहान | ८:१५ | बजे सिमभन्ज्याङ हुँदै काडमाण्डौ (फोर्स) |
| विहान | ९: 00 | बजे काठमाण्डौ (मिनीबस) |
| विहान | ९:00 | बजे हेटौंडा जम्बो हाइस |
| विहान | ९:४५ | बजे काठमाण्डौ फोर्स |
| विहान | १0:१५ | बजे मार्खु, पालुङ हुँदै हेटौंडा (मिनीबर्स) |
| विहान | १0:१५ | बजे काठमाण्डौ(फोर्स) |
| विहान | १0:३0 | बजे हेटौंडा (फोर्स) |
| विहान | ११:१५ | बजे काठमाण्डौ (मिनिबस) |
| विहान | १२:३0 | बजे हेटौंडा (बर्स) |
| मध्यान्ह | १२:३0 | बजे काठमाण्डौ (बस) |
| मध्यान्ह | १:३0 | बजे हेटौंडा (मिनीबस) |
| दिउँसो | १:३0 | बजे पालुङ गोगने पकने (मिनीबस) |
| दिउँसो | १:३0 | बजे काठमाण्डौ (फोर्स) |
| दिउँसो | २:३0 | बजे काठमाण्डौ (फोर्स) |
| दिउँसो | ३:00 | बजे पालुङबाट मार्खु (बस) |
| दिउँसो | ३:३0 | बजे पालुङबाट काठमाण्डौं (बस) |

*थप जानकारीको लागि नारायणी यातायात दिवा बस सेवा तथा टिकट काउण्टर दामन शिखरकोट इन्चार्ज अरुण लामा ९८५५0७२३२२ र नरेन्द्र अधिकारी ९८५५0७0५६१*


**महत्वपुर्ण टेलिफोन नम्बरहरू**

| | |
|---|---|
| पालुङ एम्बुलेन्स (चालक) | ९८१४२०७४०१ |
| आग्रा एम्बुलेन्स (चालक) | ९८६०२२३७५५ |
| जनकल्याण उच्च मा.वि. | ०५७-६२०३६४ |
| थाहा नगरपालिका कार्यालय | ०५७-४०००५६ |
| मत्स्यनारायण मा.वि. | ०५७-६२०५१२ |
| ईप्रका पालुङ (प्रमुख) | ९८५५०६९४९९ |
| प्रहरी चौकी फाखेल | ०५७-६९२५१८ |
| जिल्ला प्रशासन मकवानपुर | ०५७-५२०३८८ |
| विद्युत प्राधिकरण पालुङ | ०५७-४०००२९ |

# साना-साना कुरामा नि किन रिस उठ्छ ? यस्तो छ नियन्त्रण उपाय



आजभोलि मान्छेको दैनिकी निकै व्यस्त बन्दै गइरहेको छ । व्यस्त जीवनशैलीबीच तनावको मात्रा समेत बढ्दै गइरहेको छ ।

कामका कारण अहिले मान्छे तनावमा हुने गर्छन् । तनावमा भएको बेला फर्किने, स-साना कुरामा रिसाउने र चिड्चिडचपना देखाउने मानवीय स्वभाव हुन्छ । कहिलेकाहीं चिड्चिडापन तथा रिसले विकराल रूप लिन सक्छ ।

कुनै पनि व्यक्तिलाई विभिन्न कुरामा रिस उठिरहेको हुन्छ । बढी रिस उठ्दा स्वयं व्यक्तिलाई नै घाटा हुन्छ । रिसले उच्च रक्तचाप, मुटु सम्बन्धी रोग र डिप्रेसन समेत निम्त्याउन सक्छ । रिस उठ्दा हाम्रो शरीरमा भएको रगत तात्न थाल्छ । रगत तात्दा देखिन आउने प्रतिक्रियाले हाम्रो शरीरलाई नोक्सान पुर्‍याउँछ ।

यदि तपाईंलाई बढी नै रिस उठ्छ भने गहिरो सास लिने र योगा-ध्यान गरेर रिस नियन्त्रण गर्न सक्नुहुन्छ ।

### किन उठ्छ अधिक रिस ?

हरेकलाई रिस उठ्छ । रिस उठ्नु मानव स्वभाव नै हो । तर रिस उठेको बेला कसरी बोल्ने, कसरी सम्फाउने वा कसरी प्रस्तुत हुने भन्ने कुरा मान्छेको व्यवहार र स्वभावमा भर पर्छ । कोही व्यक्ति कहिलेकाहीं दिक्क भएर आफन्त, परिवार तथा साथीभाइसँग रिसाउँछन्, फेरि सामान्य भइहाल्छन् ।

तर कोही भने रिस उठेपछि निकै आक्रामक हुन्छन् । उनीहरू रिस उठ्दा आसपास भएका सरसामान फाल्ने, फुटाउने र आफूलाई नै नोक्सान हुने काम गर्छन् ।

कोहीलाई रोए कराएपछि रिस शान्त हुन्छ भने कोहीलाई कुनै हर्कत नै गर्नुपर्छ । कहिलेकाहीं रिस उठ्नु सामान्य स्वभाविक भए पनि दैनिक र हरक्षण रिसाउनु रिस उठ्नु भने स्वभाविक होइन । विना कुनै कारण दैनिक रिस उठ्छ भने यसको समाधानमा ध्यान दिनुपर्छ ।

### रिस नियन्त्रण गर्न किन जरूरी छ ?

आफ्नो रिस शान्त पार्न कसैलाई गालीगलौच गर्नु, लडाईं झगडा गर्नु, कुनै चिज वस्तु तोडफोड गर्नु वा मार्नु राम्रो होइन । अरुलाई कुनै हानि-नोक्सानी नपुर्‍याइ रिस शान्त पार्नु निकै महत्वपूर्ण कुरा हो ।

रिसले आफूलाई त घाटा गर्छ नै । यसबाट अरूसमेत नराम्ररी प्रभावित हुन्छन् । त्यसैले रिसलाई शान्त पार्न र रिस उठेको बेला आफूलाई सम्हालेर तपाईं नैतिक र जिम्मेवार मान्छे बन्नु अपरिहार्य हुन्छ ।

**यस्ता छन् रिस नियन्त्रण गर्ने उपाय**

- शान्त रहने प्रयास गर्ने
- रिस शान्त नहुँदासम्म लामो सास लिइर हने
- आफूलाई सम्हाल्ने
- रूनु, कराउनुको बदला शान्त तरिकाले प्रस्तुत हुने प्रयास गर्ने
- आफूलाई मन लागेको कुरा गर्ने
- साथीलाई मनको कुरा भन्ने
- संगीत सुन्ने
- आफूलाई एक्लै छाड्ने
- मानसिक उल्झनबाट बाहिर आउने

रिसका कारण शारीरिक तथा मानसिक समस्याको संकेत अर्थात् महसुस भए चिकित्सकको सहयोग लिनुपर्छ । उच्च रक्तचाप हुनु, मुटुको गति बढ्नु, शरीरका अंगहरू मजबुत हुनु, होश गुमाउनु, चिड्चिडापन आउनु तथा सामान्य भन्दा फरक व्यवहार देखिए आफूलाई सम्हाल्न तथा रिसलाई नियन्त्रण गर्न चिकित्सकको सल्लाह लिनुपर्छ ।

*-ओन्ली माइ हेल्थबाट*

# यी हुन् टाउको दुखाइका घरेलु औषधि

नसा सुनिने समस्याले पनि टाउको दुख्ने गर्छ । अदुवा खानाले नसा सुनिने समस्या कम हुन्छ। यसका लागि अदुवा र कागतीको रस समान मात्रामा मिसाइ खाने गर्नुपर्छ।

पानीमा अदुवा मिसाइ उमालेर खाने गर्नाले पनि राहत मिल्छ। पेटमा ग्यास उत्पन्न हुँदा पनि टाउको दुख्ने गर्छ। अदुवा खाँदा पेटको ग्यास बाहिर निस्किन्छ ।

**दालचिनी :**

दालचिनीलाई पिसेर पाउडर बनाउने र यसरी तयार भएको पाउडरमा पानी मिसाएर गाडा पेस्ट बनाउनेे यसरी तयार भएको पेस्ट टाउकोमा लगाई ३० मिनेटपछि मनतातो पानीले धुनेे यसो गर्दा टाउको दुखाइ कम हुन्छ ।

**ल्वाङ :**

ल्वाङमा दुखाइ सोस्ने क्षमता हुन्छ। केही ल्वाङ भाच्ने र एउटा कपडामा बाँधेर निरन्तर सुघ्ने । केही बेर सुघ्दै गएपछि टाउको दुखाइ घट्दै गएको महसुस गर्न सकिन्छ ।

**पानी :**

शरीरमा पानीको मात्रा कम हुँदा पनि टाउको दुख्न सक्छ । त्यसकारण निश्चित समयको फरकमा पानी पर्याप्त मात्रामा पानी पिउनु पर्छ । तर एकैपटक धेरै पानी पिउनु हुँदैन। एक दिनमा कम्तीमा पाँच लिटर पानी पिउन सकिन्छ ।


## हाम्रो अनुरोध

- सुक्खा मौसममा हावाहुरी चल्ने घर, पसल, कार्यालय र वनलगायतमा आगलागी भई जनधनको ठूलो क्षति हुनसक्छ ।
- आगलागीका विपदजन्य घटना हुन नदिन र भइहालेमा कम क्षतिमा नियन्त्रण गर्नका लागि जनस्तरबाटै सावधानी अपनाऔं ।
- आगो उत्पन्न हुने सलाई, लाइटर, ग्यास सिलिण्डर र चुल्हो बालबालिकाबाट टाढै राखी होसियारीपूर्वक प्रयोग गर्ने र काम सकिएपछि सुरक्षितसाथ राख्ने गरौं ।
- वनमा डढेलो नलगाउने, वनमा वनभोज गर्दा बालेको आगो र खाएको चुरोटको ठुटा पूर्णरूपमा निभाउने गरौं ।

थाहा नगरपालिका
इन्द्रायणी चौर, मकवानपुर

*उपभोग्य वस्तु खरिद गर्दा उपभोग्य मिति हेरेर मात्र खरिद गरौं ।* - विकास खबरपत्रिका






# चुनावको चहलपहलले फस्टाउँदै होटल व्यवसाय

◆ विकास संवाददाता

यही बैशाख ३० गतेको चुनावले मकवानपुरका साना होटल व्यावसाय निकै फस्टाएको छ । चुनावले हेटौंडाका ठुला होटलमा खासै उत्साह छैन । मकवानपुरको दश वटै स्थानीय तहका साना होटलको व्यापार निकै बढेको छ ।

निर्वाचनले अर्थतन्त्र चलायमान बनाउँछ, यसो भन्दै गर्दा कोरोना भाइरसको महामारीले लामो समय थला परेका होटेल व्यवसायी खुसी हुनुपर्ने थियो । तर, निर्वाचन नजिकिँदै गर्दा ठूला होटल व्यवसायीमा उत्साह भने छैन । तर, स्थानीय क्षेत्रमा लज र सनना होटलहरूमा भने चहलपहल बढ्न थालेको छ ।

हिजोआज हेटौंडाका होटलहरूमा निकै चहलपहल बढेको छ । आमदानी पनि उत्तिकै छ । तर, यहाँका ठुला होटलमा खाासै उत्साह छैन । साना होटलको व्यापार बढेको स्वयं व्यवासायीहरू बताउँछन् । निर्वाचनमा ट्रेड युनियनका माध्यमबाट मजदुरको प्रयोग बढी हुन्छ । यस्तो प्रवृत्ति पछिल्लो दिनमा भने केही घटेको अनुभव व्यवसायीको छ ।

निर्वाचनको समयमा मजदुरले काम नगर्दा व्यवसायमा पर्ने प्रभावले समेत ठूला होटेल व्यवसायीहरू निर्वाचनमा समस्या हुने गरेको अनुभव गर्छन् । निर्वाचनले आतिथ्य सेवाको अर्को पाटो खानपिन र ग्रामिण भेगका साना होटेलर लजमा भने व्यवसाय बढाउँछ । अनौपचारिक अर्थतन्त्र बढी चलायमान हुने यस समयमा ग्रामिण भेगमा खुलेका होटेल तथा लजमा गतिविधि बढ्छ ।

होटेल संघ नेपाल (हान)का प्रथम उपाध्यक्ष विनायक शाहका अनुसार निर्वाचनले ठूला होटेलमा उत्साह ल्याउँदैन । यस्तो ट्रेण्ड दक्षिण एसियाली भेगका धेरै जसो मुलुकमा देखिन्छ । उनका अनुसार निर्वाचन भन्नासाथ यो भेगमा हिंसात्मक घटना बढी हुन्छन् भन्ने मान्यता छ ।

त्यहाँको विजनेस पनि बढ्छ । तर, त्यो व्यवसाय औपचारिक प्रणालीमा आवद्ध नभएका कारण अर्थतन्त्रको प्रभाव कति हुन्छ भन्न सक्ने स्थिति भने हुँदैन । यसले स्थानीय उत्पादनको खपत बढ्ने हुँदा ग्रामिण अर्थतन्त्रमा सकारात्मक प्रभाव भने पार्ने छ ।

खासगरी राजमार्गमा यात्रु सामान्य अवस्थामा बढ्ने भएकाले ती भेगमा रहेका रेष्टुरेन्ट तथा खाजा घरले भने राम्रो व्यापार गर्ने उनले बताए । कोरोना महामारी कम भएसँगै खुलेको पर्यटकीय बजारका कारण समग्रमा होटेलमा पाहुना भने बढ्ने क्रममा छन् । केही समय अगाडी पर्वतारोहणमा आएका विदेशका कारण भरिएका होटेलका कोठामा अहिले भारतीय पर्यटकको बाहुल्य बढी छ ।

चर्को गर्मी खेपिरहेको भारतबाट मध्यमवर्गीय परिवारहरूले घुमफिरका लागि नेपाल आउने गर्छन् । नेपाल र भारतबीच भिसा आवश्यक नपर्ने र कोभिड प्रोटोकलहरूसमेत खुला भएका कारण होटेलको अक्कुपेन्सी बढाउन भारतीय पर्यटकले ठूलो भूमिका खेलेको उपाध्यक्ष शाहले बताए ।

उनका अनुसार वायुसेवा कम्पनीले भारतका विभिन्न शहरबाट काठमाडौं उडानको संख्या बढाएसँगै अहिले पर्याप्त मात्रामा भारतीय पर्यटक नेपाल आइरहेका छन् ।

# २ नम्बर वडा जनप्रतिनीधि विहिन

◆ विकास संवाददाता

मकवानपुर थाहा नगरपालिका वडा नम्बर २ जनप्रतिनीधि विहिन भएको छ ।

वडा नम्बर २ का वडा अध्यक्ष गुप्त बहादुर कार्की, सदस्यहरू बमबहादुर सिन्तान, जानुका ढकाल, विष्णु बहादुर थापा र सिर्जना वि.क.ले राजिनामा दिएपछि वडा नम्बर २ जनप्रतिनीधि विहिन भएको हो ।

जनप्रतिनीधि विहिन भएपछि त्यस्तो अवस्थामा स्थानीय सरकार संचालन ऐनको दफा ११६ बमोजिम पालिकाका कुनै एक कर्मचारीलाई वडाध्यक्षको कामकाज गर्न तोक्न सकिने व्यवस्था रहेको छ ।

# अब, साताको २ दिन विदा

◆ विकास संवाददाता

मन्त्रिपरिषद्को १३ वैशाखमा बसेको बैठकले साताको दुई अर्थात शनिवार र आइतबार विदा दिने निर्णय गरेको छ । आगामी जेठ १ गतेदेखि लागू हुने गरी सातामा दुई दिन बिदा दिएको हो ।

अब जेठ १ गतेदेखि भने बिहान साढे साँढे ९ बजेदेखि बेलुका साढे ५ बजेसम्म कार्यालय समय तय गरिएको छ । नेपाल आयल निगमको प्रस्तावमा सरकारले इन्धन खर्च कटौती गर्न भन्दै सातामा दुई दिन सरकारी कार्यालय बन्द गर्ने निर्णय गरेको छ । विदेशी मुद्राको बचत बढाउन इन्धन आयातमा कमी ल्याउने उद्देश्यले उक्त निर्णय गरिएको सरकारी भनाइ छ ।

सरकारले सातामा दुइ दिन बिदा दिनुको कारण भने, अर्थतन्त्र जोखिममा परेकालाई कारण अगाडि सारिएको छ । इन्धन खरिदमै ठूलो रकम विदेशिने भए पछि इन्धनमा हुने खपत घटाउनका लागि सातामा दुई दिन बिदा दिने निर्णय सरकारले गरेको हो । पछिल्लो समय बिदेशी मुद्राको सञ्चिति घट्ने र शोधानान्तर घाटा बढ्दा अर्थतन्त्र थप जोखिममा पुग्ने बाटोमा छ । यसैले सार्वजनिक बिदा बढ्दा सरकारको खर्चसमेत कम हुने दाबी सरकारको छ । यस्का अलवा सरकारले आजैदेखि विभिन्न दश प्रकारका विलासी वस्तुको सामान आयातमा समेत कडाइ गरेको छ । यस्ले विदेशी विनिमय सञ्चिति बढ्ने विश्वास सरकारले गरेको छ ।

यो वर्षको जेठ १ गते आइतबार परेको छ । त्यसैले त्यो दिन नयाँ निर्णयअनुसार स्वतः बिदा हुने भएको छ । त्यस अघि समेत वैशाख ३० गते स्थानीय तहको निर्वाचन भएकाले सरकारले मुलुकभर बिदा दिँदैछ । वैशाख ३१ गते शनिबार सार्वजनिक बिदा छँदैछ । जेठ २ गते बुद्ध जयन्ती तथा बुद्ध पूर्णिमाको सार्वजनिक बिदा दिने निर्णय यसअघि राजपत्रमा प्रकाशित भइसकेको छ ।

# वडाध्यक्षको उमेद्वारमा जनजातिलाई प्राथमिकता

◆ विकास संवाददाता

नेकपा माओवादी केन्द्र थाहानगरले वडा ध्यक्षको उमेद्वार छनोट गर्दा अधिकांश जनजातिलाई प्रथमिकता दिएको छ । करिब ७० प्रतिशत भन्दा बढि जनजातिको बसोबास रहेको थाहानगरमा कुल अध्यक्ष उमेद्वारको ८३.३ प्रतिशत अध्यक्षको उमेद्वार जाजाति रहेका छन् ।

माओवादीले १२ वटा वडा मध्ये १० वटा वडामा अध्यक्ष पदमा जनजाति उमेद्वार उठाउने निर्णय गरेको हो । वडा नम्बर ३ र ८ मा बाहेक सबैमा जनजाति उमेद्वार उठाउने निर्णय गरेको हो । जनजाति अधिकारका क्षेत्रका जानकारहरूल नकपा माआवादी थाहानगरको निर्णयलाई सकारात्मक भन्दै निर्णयको सवागत गरेका छन् ।

यद्यपि थाहानगरका मुख्य तीन दलले महिला अध्यक्षमा भने कुनै दलले यो समाचार तयार पार्दा सम्म उमेद्वार बनाउने निर्णय नगरेको थाहा भएको छ ।

# रायमाझीको बदला रायमाझी, एमाले विरूद्ध तालमेल

◆ विकास संवाददाता

नेकपा माओवादी केन्द्रको लाल किल्ला भनिदै आएको मकवानपुर थाहा नगरपालिकाको वडा नम्बर ३ मा उक्त पाटी आफू कमजोर भएको आन्तरिक विश्लेषण छ । मकवानपुरका पालिकाको प्रमुख/अध्यक्ष, उपप्रमुख/उपाध्यक्ष भागबण्डा लगाएको सत्ता गठबन्धनले वडा नम्बर ३ मा अध्यक्षदेखि सदस्यसम्मको पदमा तालमेल गर्ने तयारी भएको छ ।

नेकपा एमाले विरूद्धको सत्ता गठबन्धनको तालमेललाई थाहा नगरपालिकाको वडा नम्बर ३ मा मसिनो ढंगले कार्यान्वयन गर्ने माओवादीले, काँग्रेस र राष्ट्रिय जनमोर्चा सहितको तालमेलको योजना बनाएको भएपनि अन्ततः काँग्रेस र राष्ट्रिय जनमोर्चाबीच मात्र चुनावी तालमेल भएको छ । त्यसोतः नेकपा एमालेले वडा अध्यक्ष पदमा सुजन रायमाझीलाई अघि सार्ने वित्तिकै माओवादीले रणनीतिक उमेद्वारका रूपमा हिरेन्द्र रायमाझीलाई उमेद्वार बनाउने निर्णय गरेको हो । ३ नम्बर वडामा रायमाझीहरूको मात्र ५ दर्जन बढि घरधुरी रहेको छ ।

माओवादीले नेता लक्ष्मण विष्ट र राजीव कुमार स्याङ्तानलाई थाती राख्दै रायमाझीलाई उमेद्वार सिफारिस गरेको हो । यद्यपि विष्ट र स्याङ्तान पनि प्रभावशाली माओवादी नेता हुन् ।

रायमाझी अखिल क्रान्तिकारीका पुर्व जिल्ला अध्यक्ष हुन भने हाल माओवादी केन्द्र ३ नम्बर वडा अध्यक्ष तथा वाइसीएल जिल्ला सदस्य हुन् । २०५६ सालदेखि तत्कालीन जनमोर्चा नेपालको विद्यार्थी संघठन तथा इन्द्रेणी सास्कृतिक समाजबाट राजनिती यात्रा सुरू गरेका थिए ।

# केसीको वडा अध्यक्षमा स्वतन्त्र उमेद्वारी दर्ता

◆ विकास संवाददाता

मकवानपुर थाहा नगरपालिकाका वडा नम्बर ४ का बिनोद केसीले स्वतन्त्र उमेद्वारी दर्ता गरेका छन् । उनले भने-'पार्टीमा आफूले गरेको योगदानको मुल्याङ्कन गरेन म स्वतन्त्र रूपमा वडा अध्यक्षमा उठ्छु ।'

यसअघि नेकपा माओवादी केन्द्र थाहानगरको सचिवालय सदस्य तथा थाहा ४ नम्बर इन्चार्ज समेत रहेका केसी अधिवेशन पश्चात् पार्टी सदस्य मात्र छन् । वि.सं. २०५१ सालदेखि तत्कालिन जनमोर्चाबाट राजनीतिक यात्रा थालेका केसी पूर्व विद्यार्थी नेता समेत हुन् ।



उनले भने-'पार्टी भित्र मेरो मुल्याङ्कन भएन, त्यसैले उमेद्वारी हो, समाचार ढुक्कले लेख्नूस् ।'

## थाहानगरः कृषि ... . .

गरिरहेका छौं',उनले भने ।

विष्टको अनुसार चिस्यान केन्द्र निर्माणको अन्तिम चरणमा रहेको छ । नगरपालिकाले दुईहजार तीनसय मेट्रिकटन क्षमताको चिस्यान केन्द्र निर्माण गरेको उनको भनाई छ । मेयर विष्टले अहिले धेरै क्षमताको एउटा मात्रै चिस्यान केन्द्र निर्माण गरिएको भएपनि तरकारी उत्पादनको पकेट क्षेत्रहरूमा सामा चिस्यान केन्द्रहरू निर्माण गरिनुपर्ने बताए ।

उनले आवश्यकताको आधारमा पकेट क्षेत्रहरूमा साना चिस्यान केन्द्रहरू निर्माण गर्न आवश्यक रहेको बताएका हुन् । मेयर विष्टले पाँच वर्षमा आफ्नो नेतृत्वमा कृषिमा धेरै काम भएको भएपनि पछिल्लो समय थाहा नगरमा सिँचाईको अभाव भएको बताए । उनले खोलाहरू सुक्दै गएको हुनाले किसानहरूलाई उत्पादन गर्ने सिँचाईको अभाव भएको उनको भनाई छ ।

उनले डिप बोरिङबाट सामुहिक रूपमा खेती गर्ने प्रवन्ध मिलाउन आवश्यक रहेको पनि औल्याए । विष्टले नगर पालिकामा अझै केहि मात्रामा बाँझो जमिनहरू रहेको भन्दै ती जमिनको परिक्षण गरेर बाली लगाउनुपर्नेमा समेत जोड दिए । उनले कोरोनाको कारण आफूलाई सो काम गर्न नपाएको भन्दै बाँझो जमिनको प्रकृतिअनुसार बाली लगाएर उत्पादनको वृद्दि गर्नुपर्ने जिकिर गरे ।

*यो गर्मीको समयमा*
*आगलागीबाट जोगाउन आगोजन्य*
*वस्तुको सुरक्षित प्रयोग गरौं ।* - विकास खबरपत्रिका

अब हाम्रै थाहानगरको ओखरबजारमै
छपाईको शुभारम्भ
फ्लेक्स प्रिन्ट



काठमाण्डौं, हेटौंडा धाउनै पर्दैन...
अत्याधुनिक नयाँ मेसीनद्वारा १ घण्टा भित्र बोर्ड,ब्यानर तयार
AARAV creation
DESIGN•FLEX PRINT•PHOTOGRAPHY
Thaha-1, Okharbazar, 9855068340/9802068340
हाम्रा अन्य सेवाहरू
- फ्लेक्स प्रिन्ट (ब्यानर/साइनबोर्ड)
- होडिङ बोर्ड/स्टिकर प्रिन्ट/
- फ्लेक्स फोटो/मायाको चिनो तयारी
- प्रमाण-पत्र/कदर-पत्र/प्रशंसा पत्र तयारी
- कार्यक्रमको ब्याच तयारी
- विभिन्न डिजाइनका फ्रेमिङ
- फोटो स्टुडियो/पि.भि.सी. कार्ड
9855068340/9802068340

प्रेस काउन्सिलबाट 'क' वर्गको मान्यता प्राप्त
# विकास
www.bikaskhabar.com खबरपत्रिका साप्ताहिक
कार्यालय: थाहा-८ सम्पर्क नं. ९८०७५३३००
२०७९ वैशाख १९ गते सोमबार, 02 May 2022, Monday
जि.प्र.का. मकवानपुर दर्ता नं. ५९/२०६५/०६६ म.जि.हु.दर्ता नं. २३/२०६६/०६७

www.bikaskhabar.com
bikaskhabar@gmail.com


# थाहानगरलाई उत्कृष्ट बनाए, दोहोरिन चाहेनन्

*मकवानपुरको थाहा नगरपालिका पर्यकीय नगरका रूपमा परिचित छ । २०७४ सालको निर्वाचनमा मेयर विजयी भएका लवशेर विष्टले आसन्न स्थानीय निर्वाचनमा पुनः उम्मेदवार हुने आकांक्षा राखेनन् । जिल्लाको १० स्थानीय तहमध्ये थाहा नगरको (नगर प्रमुख) मेयर मात्रै यस्ता देखिए जसले एक वर्ष अघिबाटै आफूले यो पदमा नदोहोर्याउने घोषणा गरे र अन्तिमसम्म टिकटको दाबी नै गरेनन् । जिल्ला समन्वय समिति मकवानपुरबाट २०७५/०७६ मा थाहा नगरपालिका बेरूजु फर्स्यौटमा उत्कृष्ट भएर पुरस्कृत भयो । यसैगरी २०७७/०७८ मा प्राकृतिक स्रोत तथा वित्त आयोगले गरेको कार्यसम्पादन मूल्यांकनमा पनि थाहा नगरपालिका उत्कृष्ट भयो । स्थानीय तह निर्वाचन निजिकिँदो छ । अब आउने जनप्रतिनिधिहरूले कसरी काम गर्नुपर्ला ? स्थानीय तहलाई उत्कृष्ट बनाउन के गर्नुपर्ने रहेछ ? थाहा नगरका मेयर लवशेर विष्टसँग गरेको कुराकानी :*

*सबैजसो बहालवालाहरूले सोही पदमा दोहोरिने आकांक्षा राख्दा तपाईं किन ब्याक हनुभएको ?*

हो, मेरो दोहोर्याउने आकांक्षा रहेन । जनप्रतिनिधिहरूले यदि निष्ठापूर्वक काम गर्छन् भने यो स्वयंसेवा हो, यसमा आम्दानी हैन खर्च हुन्छ सेवामा लगानी गरेको सम्झेर काममा खट्नुपर्छ । जनप्रतिनिधि बन्रूनु अत्यन्तै गाह्रो काम हो । यसमा समयको पाबन्दी हुँदैन २४ सै घण्टा खट्नुपर्छ । दिनरात साँझबिहान जुनसुकै बेला जहाँसुकै पुग्नुपर्ने हुन्छ । समस्या र चुनौती पनि छन् ।

जीवनको पाँच वर्ष स्वयंसेवा गर्नु भनेको एकदम काफी हो । पाँच वर्ष डटेर स्वयंसेवा गरेपछि विश्राम लिनुपर्छ भन्ने मेरो धारणा हो । त्यही ठानेर मैले दोहोऱ्याउने रहर गरिनँ । मैले एक वर्ष अगाडि नै इमानदार नेतृत्वको तयारी गर्नू म दोहोऱ्याउँदिनँ भनेर आफ्नो पार्टीमा भनेको थिएँ । किनकि मैले फेरि दोहोऱ्याउन चाहेँ भने मेरो कामको स्पिड अघिल्लो कार्यकाल जस्तो हुँदै हुँदैन । जुन जोस जाँगर र उत्साह पहिलो कार्यकालमा हुन्छ, दोहोऱ्याउँदा त्यस्तै होला भन्ने लाग्दैन । यसमा पनि केही कारण छ : जस्तो कि व्यक्तिको आफ्नो घरपरिवार हुन्छ, व्यवसाय हुन्छ सबैतिरबाट सधैँ स्वयंसेवाका लागि फुर्सद मिल्छ भन्रूने छैन । आफ्नो व्यवसाय पनि चलाउन पऱ्यो, जनप्रतिनिधि भएर व्यवसाय त चल्दैन । यो पेसा भएको भए दोहोऱ्याएर पनि चलाइन्थ्यो, आम्दानी पनि गरिन्थ्यो होला, तर यो पेसा हैन आफ्नो ठाउँमा सेवा गर्ने पद हो । त्यसैले मैले दोहोऱ्याएर यही रहन दाबी गरिनँ ।

*थाहानगर मकवानपुर जिल्लाको नमुना नगर बन्यो, जिल्लाको उत्कृष्ट स्थानीय तह बन्यो, खासमा के के काम कसरी गर्नुपर्ने रहेछ उत्कृष्ट बन्न ?*

मैले उत्कृष्ट हुने होडमा काम गरेको हैन, तर जनप्रतिधि हुँदै गर्दा मलाई भित्रैदेखि लागेको कुरा थियो कि, म पाँच वर्ष मात्रै काम गर्छु र पूरै निष्ठापूर्वक गर्छु । यसमा मलाई अन्य राजनीतिक दलहरू, सञ्चारकर्मीहरू, थाहा नगर वासीहरू, र थाहा नगरका कर्मचारीहरूले निकै सहयोग गर्नुभयो । मैले लिड गरेँ सबैले सघाउनु भयो । र हामी उत्कृष्ट भयौँ । पहिलो बनाउनका लागि हामीले धेरै मेहनत र संघर्ष गऱ्यौ, लगातार यसैगरी लड्न सकिन्न त्यसैले पनि म दोहोऱ्याउन इच्छुक नभएको हो । जस्तो हामीले पढाइमा प्रथम हुन मेहनत गर्नैपर्छ, खेती किसानमा उत्कृष्ट हुन मेहनत गर्नैपर्छ, जहाँ पनि उत्कृष्ट हुन त मेहनत गर्नैपर्छ, र मेहनत गरे उत्कृष्ट भइन्छ नै । इमानदारीपूर्वक काम गरेको नतिजा हो थाहा नगर उत्कृष्ट हुनु ।

*आफूले उत्कृष्ट बनाएको नगरमा आफैँ फेरि मेयर बनेर बस्न मन लागेन ?*

हैन, आफूले कति समयका लागि जिम्मेवारी लिएको हो भन्रूने कुरा प्रमुख हो । मैले पाँच वर्ष इमानदार भएर काम गर्ने लक्ष्य लिएको थिएँ, अब त्यो समय पूरा भयो । जीवनको एक कालखण्ड मलाई पार्टी र जनताले अवसर दिएका हुन् मैले राम्रो गरेँ भन्दैमा म त्यही रहन लालच राख्नुहुन्न । यसो गर्दा मेरो पेसा, परिवारमा पनि न्याय हुँदैन । स्थानीय तहको जनप्रतिनिधिहरूले आफ्नो पेसा छाडेर सेवा गर्ने हो र एक कालखण्डपछि छोड्ने हो, दोहोऱ्याउने हैन ।

*तपाईंले के के काम गर्नुभयो जसले तपाईंको नगर उत्कृष्ट भयो ?*

हामीले मुख्यतः सानासाना कुरामा ध्यान दियौँ । सानो कुरा मिलिहाल्छ नि भनेर हामीले बेवास्ता गर्ने काम गरेनौँ, साना साना कुरालाई व्यवस्थापन गर्दै आयौँ । जस्तो कि सेवाग्राहीले सेवा लिन आउँदाको असहजताको व्यवस्थापन गऱ्यौँ । हिजोको दिनमा आफ्नो जनप्रतिनिधिहरू त्यहाँ भएपछि प्रक्रियामै नगए पनि आफ्नो काम हुन्छ भन्रूनेहरू सेवा लिन आउँथे, र अर्को खाले सबै कागज पुऱ्याउँदा पनि काम सहज हुदैन, झन्झटिलो हुन्छ भन्ने गुनासा बोकेर आउँथे । हामीले दुबै खालेलाई सम्बोधन गऱ्यौँ ।

आफ्नो मान्छे छ भनेर सहजै काम खोज्नेलाई हामीले विधि र प्रक्रियामा ल्यायौँ भने प्रमाण पुऱ्याएर आउनेलाई हामीले तत्काल काम गर्न कर्मचारीहरूलाई पनि अलर्ट गरियो । विकास निर्माणको कुराहरूको पारदर्शिता, सामाजिक संघसंस्थासँगको समन्वय, बजेट कार्यान्वयको पाटो यावत् छन् । स्थानीय तहका अथाह काम छन् । एउटा मन्त्रीले एउटा विषयगत काम हेरे पुग्छ, तर स्थानीय तहको प्रमुखले शिक्षा, स्वास्थ्य, सञ्चार, कृषि, खेल, यातायात यावत कुरामा ध्यान दिनुपर्छ ।

हामीले सबै पक्षको सानासाना कुरालाई पनि गहन रूपले लिएर अघि बढ्यौँ । सामाजिक सुरूक्षा भत्ताको बैङ्किङ प्रणालीबाट भुक्तानी, बेरूजु फर्स्यौटको कुराहरू सबैमा पारदर्शिता कायम गऱ्यौँ । हामी जनप्रतिनिधिहरू फरक पार्टीबाट आएका हुन्छौँ, फरक सोच हुनु स्वाभाविक हो । हामीले सबै काम उपभोक्ता समितिमार्फत गऱ्यौँ । बेरूजु फस्यौट सुरूमै गर्ने गऱ्यौँ । मुख्यतः हामीले विधि र कानुनलाई कडाइसाथ पालना गरेका हौँ । थाहा नगर पूर्वाधार को विकासको कुरा त छँदै छ ।

*नीति विधि कानुनअनुसार काम गर्न चुनौती भयो कि भएन ?*

अवश्य भयो, यो बानी नै परेको छ । देखेको, हेरेको कुरा हो, कागज नै किन चाहियो, यति गर्दिनु भनेर दबाब आउने गर्दथ्यो पहिले । पुरातन सोचको मेयर, कागज मात्रै खोज्छ भन्ने आरोप पनि आए । झण्डै डेढ वर्ष हामीले चुनौती नै फेस गरेका हौँ । अब नगरमा यसरी भनसुनको आधारमा काम हुने अपेक्षाले आउनेहरू लगभग छैनन् ।

हामीले सुरू सुरूमा धेरै टाउको दुखाइ सहेर विधिको बानी बसाल्यौँ । थाहा नगरका तत्काल गर्नुपर्ने के के काम बाँकी छन् अब ? धेरै बाँकी नै छन्, मैले सबै सकेँ भन्दिनँ म । हामी आउँदा नगरपालिकाको प्रशासनिक भवन थिएन, सबै वडा कार्यालय भाडामा थिए । अहिले नगरको भव्य प्रशासनिक भवन छ, सबै वडाहरू कार्यालयहरूको आफ्नो भवन छ वडा स्वास्थ्य कार्यालयहरू छन् ।

पुल पुलेसाहरू, पर्यटन पार्कहरू बनेका छन् । हिउँद वर्षा नचल्ने बाटाहरू पिच भएका छन्, ठूला राजमार्गहरू विस्तार भएका छन् । यी अन्य पूर्वाधार निर्माणको काम भए, तर हामीले काम सक्यौँ भन्ने अवस्था छैन । पूर्वाधारको काम एक कार्यकालमा सकिने काम हैन, एउटा पुस्ताले पनि नसक्ने काम हो । आमनागरिकको अपेक्षा पूरा गर्न बाँकी नै छ ।

*नयाँ प्रतिनिधिलाई के भन्रून चाहनुहुन्छ ?*

नीति र विधिमा रहेर निष्ठापूर्वक काम गर्नुहोस् सबैको साथ र सफलता अवश्य पाइन्छ भन्न चाहन्छु । र विशेष गरी निर्वाचनको संघारमा म अब आउने जनप्रतिनिधिलाई भन्दा पनि मतदातालाई भन्रून चाहन्छु कि : हामी निर्वाचनको निकट छौं, अबको केही दिनमै हामीले आफ्नो अभिभावक छान्दैछौँ । यो पलमा मेरो एउटै आग्रह छ कि तपाईंले पार्टीभन्दा माथि, जातिभन्दा माथि, भूगोलभन्दा माथि उठेर राम्रो, निष्ठापूर्वक काम गर्ने प्रतिनिधि छान्न सक्नुहोस् । जो भोलिका दिनमा हामीसँगै दुःख-सुखमा रहनुहुनेछ ।

**- प्रस्तुतिः सरिता दाहाल**



**थाहा नगर प्रमुखः लवशेर विष्ट**

*जीवनको पाँच वर्ष स्वयंसेवा गर्नु भनेको एकदम काफी हो । पाँच वर्ष डटेर स्वयंसेवा गरेपछि विश्राम लिनुपर्छ भन्ने मेरो धारणा हो । त्यही ठानेर मैले दोहोऱ्याउने रहर गरिनँ । मैले एक वर्ष अगाडि नै इमानदार नेतृत्वको तयारी गर्नू म दोहोऱ्याउँदिनँ भनेर आफ्नो पार्टीमा भनेको थिएँ । किनकि मैले फेरि दोहोऱ्याउन चाहेँ भने मेरो कामको स्पिड अघिल्लो कार्यकाल जस्तो हुँदै हुँदैन । जुन जोस जाँगर र उत्साह पहिलो कार्यकालमा हुन्छ, दोहोऱ्याउँदा त्यस्तै होला भन्ने लाग्दैन ।*

■ ■ ■




समयमै व्यक्तिगत घटना दर्ता गरौं ।

थाहा नगरपालिका
इन्द्रायणी चौर, मकवानपुर
पञ्जीकरण शाखा

*जन्म दर्ता बालबालिकाको नैसर्गिक अधिकार हो । जन्मेको ३५ दिन भित्रै आफ्नो स्थानीय तहमा गई दर्ता गरौं । जन्म र मृत्यु दर्ताको सूचना परिवारको मुख्य व्यक्तिले र निजको अनुपस्थितिमा परिवारको उमेर पुगेको व्यक्तिले सूचना दिन सक्छन् । जन्म, मृत्यु, बसाई सराई, विवाह एवं सम्बन्ध विच्छेदका घटना दर्ता गर्नु नागरिकको कर्तव्य हो । बसाई सराई गर्दा व्यक्ति आफू मात्र बसाई सरी गए व्यक्तिले र परिवार नै बसाई सरी गए परिवारको मुख्य व्यक्तिले दर्ता गर्नु पर्छ ।*

## गर्मी मौसममा संक्रामक रोगबाट बचौं र बचाऔं ।

गर्मी मौसममा मलेरिया, कालाजार, डेंगु, हैजालगायतका विभिन्न संक्रामक रोगहरु फैलिन सक्छन् ।

- संक्रामक रोग फैलाउने झिँगा, लामखुट्टे, भुसुना आदिको नियन्त्रण गरौं ।
- संक्रामक रोगबाट बच्न शुद्ध र उमालेको पानी पिऔं,
- बासी तथा सडेगलेका खाना नखाऔं,
- सरसफाइमा ध्यान दिऔं ।

नेपाल सरकार
**विज्ञापन बोर्ड**

## स्थानीय तह सदस्य निर्वाचन, २०७९

मतदान हुने मिति: वैशाख ३० गते शुक्रबार
मतदानको समय: बिहान ७ बजेदेखि अपरान्ह ५ बजेसम्म

निर्वाचनसम्बन्धी कुनै प्रश्न, जिज्ञासा वा गुनासो, मतदाता शिक्षासम्बन्धी जानकारी तथा आसन्न स्थानीय तह सदस्य निर्वाचन, २०७९ को बारेमा सही सूचना एवम् जानकारी प्राप्त गर्न कृपया **टोल फ्री नम्बर ११०२** मा सम्पर्क गर्नुहोस्।

नेपाल सरकार
विज्ञापन बोर्ड




## कण्डम






- कण्डम गर्भान्तरको लागि पुरुषले प्रयोग गर्ने परिवार नियोजनको एक मात्र अस्थायी साधन हो । यो प्रत्येक पटक यौन सम्पर्क गर्दा सहि तरिकाले प्रयोग गर्नुपर्छ ।
- घर भन्दा बाहिर कामकाज गर्ने व्यक्ति घर फर्कदा अनिच्छित गर्भ रहनबाट रोक्न कन्डम एक सरल उपाय हो ।
- यसले गर्भ निरोध र एच. आई.भी तथा यौन रोगको संक्रमणबाट पनि बचाउछ । कण्डमले दोहोरो सुरक्षा प्रदान गर्छ ।
- यो प्रयोग गरिसकेपछि उचित ठाउँमा व्यवस्थापन गर्नुपर्छ ।
- नजिकको स्वास्थ्य संस्था साथै आफ्नो वडाको महिला स्वास्थ्य स्वयंमसेविकाबाट पनि नि:शुल्क उपलब्ध हुन्छ ।
- यदि यौन सम्पर्कको बेला कण्डम फुटेमा चाडो भन्दा चाडो १२० घण्टाभित्र आकस्मिक गर्भ निरोधकको उपाय अपनाउनु पर्छ ।


**थाहा नगरपालिका**
स्वास्थ्य शाखा
इन्द्रायणी चौर, मकवानपुर

## परिवार नियोजन



- पहिलो बच्चा ढिलो पाउन
- कम्तीमा ३ बर्ष जन्मान्तर राख्न (बच्चा पाएको ४५ दिन भित्र शुरुवात)
- लामो समय गर्भ रोक्न
- सन्तानको रहर पुगेपछि

### १ . अस्थायी साधनहरू



१.१ आई.यू.सी.डि (कपर टि) :
- आई.यू.सी.डि महिलाले प्रयोग गर्ने लामो अबधिको अस्थायी साधन हो । यो पाठेघरमा राखिन्छ । एकपटक राखेपछि यसले १२ वर्षसम्म गर्भ रहन दिदैन ।

१.२ ईम्प्लाण्ट :
- ईम्प्लाण्ट महिलाको पाखुरामा राखिने परिवार नियोजनको अस्थायी साधन हो । यसले एक पटक लगाएपछि ५ बर्ष सम्म गर्भ रहन दिदैन ।

१.३ डिपो (३ महिने) सुई :
- यो सुई लगाएपछि ३ महिना सम्म गर्भ रहन दिदैन ।

१.४ खाने चक्का (पिल्स) :
- गर्भधारणबाट पूणरुपमा सुरक्षित रहनका लागि महिलाले प्रत्येक दिन नबिराई खाने चक्की (पिल्स) को सेवन गर्नुपर्छ ।

**थाहा नगरपालिका**
स्वास्थ्य शाखा
इन्द्रायणी चौर, मकवानपुर

## नगरौं विवाहका कुरा: भएको छैन बिस वर्ष पूरा

बालविवाह सामाजिक अपराध हो । बालविवाह नगरौं, नगराऔं ।




बालविवाह कानूनी रुपमा दण्डनीय छ । कानूनको पालना गरौं, गराऔं ।
बालविवाह अन्त्य गरौं ।
बालविवाह गरी शिक्षाबाट वञ्चित नहोऔं ।
बालविवाह गरी घरेलु हिंसामा नफसौं ।

"सानै छु बढ्न देऊ, विवाह हैन पढ्न देऊ"

**थाहा नगरपालिका**
सामाजिक विकास शाखा
इन्द्रायणी चौर, मकवानपुर

बालविवाह गर्नु वा गराउनु सामाजिक अपराध हो र यो दण्डनीय छ । बालविवाह गरे वा गराएको पाइएमा नजिकको प्रहरी/वडा कार्यालय, बालक्लव, बालसञ्जालमा खबर गरौं । बालविवाह रोकौं, बालबालिकाको सुनौलो भविष्य निर्माणमा आजेदेखि सबै लागौं ।

● दिगो विकास मल्टिमिडिया (प्रा.) लि.द्वारा प्रकाशित ● मुद्रण : श्रीया अफसेट प्रेस हेटौडा ● कार्यालय : थाहा-४, मकवानपुर ● इमेल: bikaskhabar@gmail.com ● सम्पादक : कुमार नेगी